"स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बूढानीलकण्ठ"

फोन नं. ०१-४३७२७२५

# बूढानीलकण्ठ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## गोल्फुटार, काठमाडौं
## ३ नं प्रदेश, नेपाल

मिति २०७७०२।०२

श्री सम्पूर्ण कर्मचारी,
बूढानीलकण्ठ नगरपालिका
नगरकार्यपालिकाको कार्यालय तथा
सवै वडा कार्यालयहरु ।

**विषय- अति आवश्यक कार्य संचालन गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा विश्वव्यपी रुपमा फैलिएको कोरोना भाईरस COVID-19 महामारी रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले मिति २०७६।१२।११ गते देखि बन्दाबन्दी घोषणा गरेको व्यहोरा सवैमा विदितै छ । हाल पछिल्लो समयमा उपत्यकाका सबै जिल्लामा कोरोना भाईरस संक्रमण देखिएकोले सर्वसाधारण तथा सबै कर्मचारी सजग एंव सतर्क रहनु पर्ने भएको र यस बूढानीलकण्ठ नगरपालिकाको नगर कार्यपालिका र वडाहरुबाट केही अति आवश्यकीय कार्य पनि गर्नुपर्ने अवस्था रहेकोले हालको विषम परिस्थितिमा कोरोना भाईरस संक्रमणको मध्यनजर गरी यस नगरपालिकाको कार्यालयमा नगरपालिकाको स्वास्थ्य र सुरक्षा शाखा बाहेक अन्य शाखाका कर्मचारीहरु प्रशासन शाखाले तोकेका, उप स्वास्थ्य चौकीहरु, शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रहरुमा जन स्वास्थ्य शाखाले तोकेका र सवै वडा कार्यालयहरुमा वडा कार्यालयले तोकेका (बढीमा २ जना) कर्मचारीहरु आलोपालो गरी सार्वजनिक विदाको दिन वाहेक COVID-19 रोकथाम तथा नियन्त्रण सम्बन्धि, राहत वितरण सम्बन्धि र अति आवश्यकीय कार्य गर्ने/गरीने व्यवस्था मिलाउन नगर प्रमुख ज्यूको निर्देशानुसार अनुरोध छ ।

तोकिएको बाहेक अन्य कर्मचारीहरु बन्दाबन्दीको अवधीभर वा अर्को सूचना जारी नभए सम्म आ-आफ्नो स्थानमा सुरक्षीत साथ रहनु हुनका साथै अति आवश्यक काम परेमा कार्यालयबाट उपस्थित हुन अनुरोध गरेमा कार्यालयमा उपस्थित भइ सहयोग पुऱ्याउन समेत जानकारी गरीन्छ ।

२०७७।०२।०२

शम्भु कुमार थापा
प्रशासकीय अधिकृत